# पूर्वाञ्चल विश्वविद्यालय
## परीक्षा व्यवस्थापन कार्यालय
### विराटनगर, नेपाल ।

आ. व.: २०८१/०८२

मितिः २०८२/०३/१३

श्री क्याम्पस प्रमुखज्यू,
**BE (Civil/ Computer/ E&C / ECA/ Electrical/Geomatic/Biomedical), B. Architecture** अध्यापन हुने सम्पूर्ण क्याम्पस/कलेजहरू ।

**विषयः- परीक्षा आवेदन फारम भराई पठाई दिने बारे ।**

पूर्वाञ्चल विश्वविद्यालयद्वारा इञ्जिनियरिङ्ग संकाय अन्तर्गत २०८२ सालमा सञ्चालन गरिने **BE (Civil/Computer/E&C/Electrical/Geomatic/Biomedical), B. Architecture** शैक्षिक कार्यक्रमहरूको **सातौं** सेमेष्टरको **नियमित (Regular) परीक्षामा सहभागि भई** अनुत्तीर्ण भएका **२०२० समूहका** विद्यार्थीहरूको लागि मात्र **मौका (Chance)** परीक्षा सञ्चालन गरिने भएको हुँदा मिति २०८२/०३/२६ गतेसम्म परीक्षा आवेदन फाराम भराई मिति २०८२/०३/३० गतेसम्म नियमानुसारको परीक्षा शुल्क वापतको रकम नविल बैंक स्थित यस कार्यालयको **CALL A/C 00710017518402** मा जम्मा गरी मिति २०८२/०३/३२ गतेभित्र सो को सक्कलै भौचर र परीक्षा आवेदन यस पू. वि. परीक्षा व्यवस्थापन कार्यालय, पूष्पलाल चौक, विराटनगरमा सम्बन्धित क्याम्पस/कलेज/स्कूल को प्रतिनिधि मार्फत उपलब्ध गराई दिनु हुन जानकारी गराइएको छ । तोकिएको मितिपछि प्राप्त भएका परीक्षा आवेदन फाराम उपर कुनै कारवाही नगरी सोझै फिर्ता पठाईने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइएको छ ।

**तपसिलः**

१. परीक्षाआवेदन फाराम पठाउँदा शैक्षिक सत्र समूह अनुसार अंग्रेजी वर्णानुक्रममा मिलाई विषयगत विवरण फाराम तयार गरी फाइलिङ्ग गरी पठाउनु पर्नेछ ।
२. परीक्षाआवेदन फाराममा विद्यार्थीले रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ । तोकिएको कागजातहरू पूरा नभई दर्ता (Registration) हुन नसकेका विद्यार्थीहरूको फाराम स्वीकृत हुने छैन ।
३. परीक्षाआवेदन फाराममा रहेको तीनवटा फोटो मध्ये पहिलो फोटोमा सम्बन्धित क्याम्पस/कलेजका क्याम्पस प्रमुख/प्राचार्यले फोटो र फाराममा पर्ने गरी दस्तखत गरी प्रमाणित गर्नुपर्नेछ । अन्य दुईवटा फोटोमा यस कार्यालयबाट प्रमाणित गरिनेछ ।
४. परीक्षाआवेदन फारामको पछाडि सम्बन्धित विद्यार्थीको हाजिरी अनिवार्य रूपमा उल्लेख गर्नुपर्नेछ ।
५. परीक्षाआवेदन फाराममा लिखित तथा प्रयोगात्मक दुबै वा प्रयोगात्मक परीक्षा मात्र हुने विषयहरू समेत स्पष्ट रूपमा उल्लेख गर्नुपर्नेछ । प्रयोगात्मक विषयमा मात्र अनुत्तिर्ण विद्यार्थीले समेत अनिवार्य रूपमा परीक्षा आवेदन फाराम भर्नुपर्नेछ ।
६. कुनै परीक्षार्थीले परीक्षा आवेदन फाराममा कुनै विषय उल्लेख गर्न छुट गरेमा निजलाई त्यस विषयको परीक्षामा सामेल गराइने छैन र परीक्षा आवेदन फाराममा विषय गलत लेखी पठाएमा विषय सच्याउन प्रति विषय रू. ५००।- लाग्नेछ ।
७. आन्तरिक मूल्याङ्कन परीक्षामा अनुत्तीर्ण र अनुपस्थित विद्यार्थीले परीक्षामा बस्न पाउने छैन । अटेर गरी परीक्षा दिएमा परीक्षाफल रद्द गरिनेछ ।
८. परीक्षा शुल्क देहाय वमोजिम हुनेछः

| विवरण | परीक्षा शुल्क |
|---|---|
| परीक्षा शुल्क (आंशिक) | रु. १५००। |

सह-परीक्षा नियन्त्रक

नोटः १. सम्बन्धित क्याम्पस/कलेजका प्रतिनिधि मार्फत परीक्षा आवेदन फारामहरू बुझाउनु हुन जानकारी गराइन्छ । अन्य कुनै पनि माध्यमद्वारा पठाइएका परीक्षा आवेदन फारामहरू स्वीकृत नगरिने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।